# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ पुस २६ गते २०५३ साल (अतिरिक्ताङ्क ५३

## भाग ३

श्री ५ को सरकार

## शिक्षा मन्त्रालयको सूचना

### शिक्षा ( पाँचौं संशोधन ) नियमावली, २०५३

शिक्षा नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "शिक्षा ( पाँचौं संशोधन ) नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०४९ को नियम १२ मा संशोधनः शिक्षा नियमावली, २०४९ ( यस पछि "मूल नियमावली" भनिएको ) को नियम १२ को उपनियम (१) को खण्ड (ठ) झिकिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाल संगठनद्वारा संचालित विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन नेपाल बाल संगठनले र विशेष शिक्षा परिषद्द्वारा संचालित विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन विशेष शिक्षा परिषद्ले तोके बमोजिम हुनेछ ।"

४. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (प) को सट्टा देहायको खण्ड (प) राखिएको छः-

"(प) विद्यालयले उठाउन पाउने कुनै शुल्क निर्धारण गर्नु अघि जिल्ला शिक्षा समितिको स्वीकृति लिने ।"

५. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को उपनियम (१) र (३) मा रहेका "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय शिक्षा निर्देशकले" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल नियमावलीको नियम १९ मा संशोधनः मूल नियमावलीको नियम १९ को खण्ड (ढ) झिकिएको छ ।

७. मूल नियमावलीको नियम २० मा संशोधनः मूल नियमावलीको नियम २० को,-

(१) खण्ड (ञ) मा रहेका "अस्थायी नियुक्ति गर्ने र " भन्ने शब्दहरुको सट्टा "अस्थायी रुपमा नियुक्त भएका शिक्षकहरुको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ढ) झिकिएको छ ।

(३) खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएको छः-

"(ध) आफ्नो जिल्ला भित्रका सार्वजनिक विद्यालयहरुमा रहेको रिक्त दरबन्दीमा सरुवा हुन चाहने शिक्षकको निवेदन परेमा सरुवा गर्ने,"

८. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) विद्यालयहरुमा पदपूर्ति गर्न खुल्ला प्रतियोगिताको लागि पदसंख्या खोली जिल्लागत विज्ञापन प्रकाशित गर्ने र पद अनुसार तोकिएको योग्यता भएका उम्मेदवारहरुबाट दरखास्त लिने,"

९. मूल नियमावलीको नियम २५ मा संशोधनः- मूल नियमावलीको नियम २५ को,-

(१) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) लिखित परीक्षाबाट अन्तरवार्ता र आवश्यकता अनुसार लिइने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोगात्मक परीक्षाका निमित्त उपनियम (४) बमोजिम अङ्क प्राप्त गरेका उम्मेदवारहरुको नामावली वर्णानुक्रमानुसार प्रकाशित गरिनेछ ।"

(२) उपनियम (५) पछि देहायका उपनियम (५क), (५ख) र (५ग) थपिएका छन्:-

"(५क) उपनियम (५) बमोजिम उम्मेदवारहरुको नाम प्रकाशित भएपछि कुनै उम्मेदवारले उत्तर पुस्तिकाको प्राप्ताङ्क पुनर्योग गराउन चाहेमा मन्त्रालयले तोकिदिए बमोजिमको शुल्क सहित आवश्यक विवरणहरु खुलाई पन्ध्र दिनभित्र सम्बन्धित शिक्षक छनौट समितिमा निवेदन दिन सक्नेछ ।

(५ख) उपनियम (५क) बमोजिम कुनै निवेदन पर्न आएमा शिक्षक छनौट समितिले सम्वन्धित विषयमा कम्तीमा १० वर्षको अनुभव भएका स्थायी माध्यमिक शिक्षक तथा विशेषज्ञहरु मध्येबाट एकजना अध्यक्ष र दुई जना सदस्यहरु रहने गरी एक पुनर्योग समिति गठन गर्नेछ र सो समितिले सात दिन भित्र पुनर्योग गरी त्यसको परिणाम सहितको प्रतिवेदन सम्बन्धित शिक्षक छनौट समितिमा पठाउनु पर्नेछ ।

(५ग) उपनियम (५ख) बमोजिमको नतीजा समेतको आधारमा शिक्षक छनौट समिनिले लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गर्नेछ ।"

(३) उपनियम (६) को शुरुमा रहेका "उपनियम (५)" भन्ने शब्दहरुको सट्टा "उपनियम (५ग)" भन्ने शब्दहरु राखिएका छन् ।

१०. <u>मूल नियमावलीको नियम ३२ मा संशोधनः</u> मूल नियमावलीको नियम ३२ को उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ,:-

"(ख) रजिष्ट्रेशन, आवेदन फारम तथा परीक्षा वापत लाग्ने शुल्क निर्धारण गर्ने र परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिहरुको परिश्रमिक एवं भत्ता निर्धारण गर्ने,"

११. <u>मूल नियमावलीमा नियम ४३ क. थपः</u> मूल नियमावलीको नियम ४३ पछि देहायको नियम ४३क.थपिएको छः-

"४३क. <u>पद रिक्त भएको नमानिनेः</u> कुनै पनि शिक्षक माथिल्लो श्रेणीको पदमा वढुवा हुंदा निजको साविक श्रेणीको पद वढुवा भएको श्रेणीको पदमा स्वतः परिवर्तित हुनेछ । यसरी वढुवा भै सकेपछि निजको साविक श्रेणीको पद रिक्त भएको मानिने छैन ।"

१२. <u>मूल नियमावलीको नियम ५१ मा संशोधनः</u> मूल नियमावलीको नियम ५१ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीको रिक्त पदहरु मध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कार्य क्षमताको आधारमा वढुवाद्वारा पूर्ति गरिनेछ । आन्तरिक प्रतियोगितात्मक परीक्षा सम्बन्धी व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।"

१०५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **मूल नियमावलीको नियम ५५ मा संशोधनः** मूल नियमावलीको नियम ५५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) एक शैक्षिक सत्रमा हिउँदे वा वर्षे विदा वा दुवै गरी पचपन्न दिन विद्यालय बन्द रहनेछ र विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार एक शैक्षिक सत्रमा थप पाँच दिनसम्म स्थानीय विदा दिई विद्यालय बन्द गर्न सक्नेछ।"

१४. **मूल नियमावलीको नियम ६० मा संशोधनः** मूल नियमावलीको नियम ६० को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांसमा रहेको "सरुवाद्वारा" भन्ने शब्दको सट्टा "अन्य जिल्लाबाट सरुवा गरी" भन्ने शब्दहरु राखिएका छन्।

१५. **मूल नियमावलीको नियम ६७ मा संशोधनः** मूल नियमावलीको नियम ६७ मा रहेका "वा यस नियमावली" भन्ने शब्दहरु झिकिएका छन्।

१६. **मूल नियमावलीमा नियम ६९ख. थपः** मूल नियमावलीको नियम ६९क. पछि देहायको नियम ६९ख. थपिएको छः-

"६९ख. निवृत्त शिक्षकले दशैं खर्च पाउनेः निवृत्तभरण पाउने गरी अवकाश पाएको शिक्षकले निजले खाईपाई आएको मासिक निवृत्तभरण रकमको आधा रकम दशैं खर्च बापत पाउनेछ।"

१७. **मूल नियमावलीको नियम ८१ मा संशोधनः** मूल नियमावलीको नियम ८१ को उपनियम (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) उप-सचिव, (विद्यालय प्रशासन शाखा)
शिक्षा मन्त्रालय -सदस्य-सचिव"

१८. **मूल नियमावलीको नियम ८५ मा संशोधनः** मूल नियमावलीको नियम ८५ को,-

(१) उपनियम (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-
"(ग१) विशेष सचिव, शिक्षा मन्त्रालय -सदस्य"

(२) उपनियम (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-
"(ङ) प्रमुख, पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालय -सदस्य-सचिव

(३) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-
"(५) राष्ट्रिय पाठ्यक्रम परिषद्को सचिवालयको काम पाठ्यक्रम विकास केन्द्रले गर्नेछ।"

१९. **मूल नियमावलीमा नियम ८६क. थपः** मूल नियमावलीको नियम ८६ पछि देहायको नियम ८६क. थपिएको छः-

"८६क. मान्यता तथा समकक्षता निर्धारण समितिः (१) विदेशी शैक्षिक तथा प्राज्ञिक संस्थाबाट माध्यमिक शिक्षा सरह परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको प्रमाणपत्र वा उपाधिलाई मान्यता तथा समकक्षता निर्धारण गर्न देहाय बमोजिमको एक मान्यता तथा समकक्षता निर्धारण समिति रहनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सहसचिव, ( शैक्षिक प्रशासन महाशाखा )
शिक्षा मन्त्रालय - अध्यक्ष

(ख) परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय
शिक्षा मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, उच्च माध्यमिक शिक्षा परिषद - सदस्य

(घ) नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय,
त्रिभुवन विश्वविद्यालय - सदस्य

(ङ) प्रमुख, पाठ्यक्रम विकास केन्द्र,
शिक्षा मन्त्रालय - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको सचिवालयको काम पाठ्यक्रम विकास केन्द्रले गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको अन्य काम, **कर्तव्य र** अधिकार, बैठक सम्बन्धी कार्यविधि र समितिका सदस्यहरुले बैठकमा भाग **लिए** वापत पाउने बैठक भत्ता मन्त्रालयले तोके बमोजिम हुनेछ ।

२०. <u>मूल नियमावलीको नियम ८७ मा संशोधन:</u> मूल नियमावलीको नियम ८७ को उपनियम (१) मा रहेका "पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण **विकास** केन्द्रले" भन्ने शब्दहरुको सट्टा "पाठ्यक्रम विकास **केन्द्रले**" भन्ने **शब्दहरु** राखिएका छन् ।

२१. <u>मूल नियमावलीको नियम १०८ मा संशोधन:</u> मूल नियमावलीको नियम १०८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

"(१) विद्यालयको शैक्षिक सत्र श्रावण एक गतेदेखि आषाढ मसान्तसम्म हुनेछ ।

तर यो नियम प्रारम्भ भएपछिको पहिलो शैक्षिक सत्र फागुन एक गतेदेखि माघ मसान्तसम्म र दोस्रो शैक्षिक सत्र वैशाख एक गतेदेखि चैत्र मसान्तसम्म हुनेछ ।"

२२. <u>मूल नियमावलीको नियम १०९ मा संशोधन:</u> मूल नियमावलीको नियम १०९ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ:-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक विद्यालयले मासिक पढाई शुल्क र प्रवेश वा पुन: प्रवेश शुल्क उठाउन पाउने छैन ।"

२३. <u>मूल नियमावलीको नियम ११६ मा संशोधन:</u> मूल नियमावलीको नियम ११६ को,-

(१) उपनियम (१) को खण्ड (झ१) को सट्टा देहायको खण्ड (झ१) राखिएको छ:-

"(झ१) विशेष सचिव, शिक्षा मन्त्रालय - सदस्य"

(२) उपनियम (१) को खण्ड (झ१) पछि देहायको खण्ड (झ२) थपिएको छः-

"(झ२) सहसंचिव, (शैक्षिक प्रशासन महाशाखा )
शिक्षा मन्त्रालय - सदस्य"

(३) उपनियम (२) मा रहेका "परिषद्को सिफारिशमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्को सचिवालय शिक्षा मन्त्रालयमा रहनेछ ।"

२४. मूल नियमावलीको नियम १२७ मा संशोधनः मूल नियमावलीको नियम १२७ को उपनियम (१) को खण्ड (ङ) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-

"(३) लेखा परीक्षकको पारिश्रमिक विद्यालयको कोषबाट दिनु पर्नेछ ।"

२५. मूल नियमावलीको नियम १३० मा संशोधनः मूल नियमावलीको नियम १३० को उपनियम (८) झिकिएको छ ।

२६. मूल नियमावलीको नियम १३३ मा संशोधनः मूल नियमावलीको नियम १३३ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) विशेष सचिव, शिक्षा मन्त्रालय - सदस्य"

आज्ञाले
जयराम गिरी
का.मु. विशेष सचिव

१०६०



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।